# बुद्धको मनोबल



मूल लेखिका

**अ० धम्मवती**

Downloaded from http://www.dhamma.digital

# बुद्धको मनोबल

मूल लेखिका

अ० धम्मवती

अनुवादिका

रीना बनिया

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

प्रकाशिका:

**अनगारिका धम्मदिन्ना**

तानसेन, महाचैत्य विहार

बुद्ध सम्बत : २५३४

नेपाल सम्वत : १११०

इ. सम्वत : १९९०

वि. सम्बत : २०४७

**१००० प्रति**

**मुद्रकः–**

नेपाल प्रेस

न्यूरोड, शुक्रपथ, काठमाडौं ।

फोन: २२ १० ३२

Downloaded from http://www.dhamma.digital

नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

# बुद्धको ऋद्धि प्रातिहार्य

## (जिनत्थ पकासनमा उल्लेखित इद्धि पातिहारिको एक कण्ड)

भगवान बुद्धको धर्म प्रचार भएको केही समय नबित्दै उहाँ र उहाँको संघप्रति श्रद्धा राख्ने धेरै श्रद्धालुहरू बने। भगवान बुद्धको लागि जेतवन विहार बनाइयो। उप्पलवण्णा, मल्लिकादेवी, कोशल महाराज, चूल्ल अनाथ-पिण्डिक, सुप्पवास जस्ता श्रद्धालुहरू उहाँको शासनमा आए।

भगवान बुद्धले राजगृहबाट जानुहुँदादेखि संगै हिंडेका तीर्थंकरहरूले आफ्नो तर्फबाट एकजना उपासकलाई बोध गर्न सके। फेरि उसले तिनीहरूलाई धेरै दान पनि दिए। यही खर्च भएकोले एकजना जान्ने सिकर्मी बोलाएर एउटा ठूलो मण्डप बनाउन लगाए। त्यसमा फूलको कोपिलाले छाना लगाए। फेरि उनीहरूले यहाँ बसेर हामीले ऋद्धि देखाउनेछौं भनेर देश देशान्तरमा घोषणा गर्न पठाए। यसरी घोषणा गराइएको खबरसुनी प्रसेनजीत कोशलराजाले भगवान बुद्धकहाँ गई यसरी बिन्ति गरे, 'भो भगवान शास्ता, तीर्थंकरहरूले ऋद्धि देखाउन भनी मण्डप बनाए। त्यसैले मैले पनि भगवानको ऋद्धि देखाउनको लागि एउटा मण्डप बनाउन

Downloaded from http://www.dhamma.digital

दाता बन्ने इच्छा गरे ।' भगवान बुद्धले भन्नुभयो– 'महाराज, ती तीर्थंकरहरूसँग ऋद्धि देखाउन मण्डपको आवश्यकता छैन । त्यसैले महाराज कोशल मण्डप बनाउनु पर्दैन ।'

कोशल महाराज– 'त्यसो भए भन्ते, म जस्ता दाताले नै मण्डप बनाएन भने कसले बनाउला ?'

भगवान बुद्ध– 'इन्द्रले बनाउँछ महाराज !'

कोशल राजा– 'त्यसो भए भन्ते, भगवानले यमक प्रातिहार्य कहाँ देखाउनु हुन्छ ?'

भगवान– 'कण्ड भन्ने आँपको रुखमुनि ।'

महाराज– 'कहिले देखाउनु हुन्छ, फेरि हामीले त्यो ऋद्धि प्रातिहार्य कहाँ बसी दर्शन गरूँ ?'

भगवान बुद्ध– 'आषाढ पूर्णिमाको दिन मैले उक्त प्रातिहार्य देखाउनेछु । पृथ्वीको चारैतिर बसेर सबैले उक्त ऋद्धि प्रातिहार्य दर्शन गर्न सक्नेछ ।'

भगवान बुद्धको यो आज्ञा सुनी कोशल महाराजले ठाउँ ठाउँमा पत्र पठाई भगवान बुद्धले ऋद्धि प्रातिहार्य देखाउनु हुने कुरा सबैतिर घोषणा गर्न पठाए । यता तीर्थंकर-हरूले भगवान बुद्धले आँपको रुखमुनि यमक प्रातिहार्य देखाउनु हुने भन्ने थाहा पाई धेरै आफ्ना अनुयायीहरू बोलाई त्यहाँबाट एक योजनसम्म भएका सबै आँपका रूखहरू काट्न लगाए । उनीहरूले उम्रिन लागेको आँपको बोट समेत बाँकि राखेनन् । भगवान बुद्ध आषाढ पूर्णिमाको दिन बिहान छिट्टै उठी

Downloaded from http://www.dhamma.digital

श्रावस्तीमा भिक्षा जानुभयो । कोशल महाराजको बगैंचाको मुख्य माली भएर रहेका कण्ड भन्ने व्यक्तिले आफ्नो बगैंचामा भएको सेतो आँप एउटा लिई कोशल महाराजलाई चढाउन भनी आईरहेका थिए । तर उसले बाटोमा भगवानलाई भेटे । अनि त्यस कण्डको यस्तो विचार आयो– 'यदि यो आँप मैले कोशल महाराजलाई चढाएँ भने मलाई सोन्ह रूपियाँ प्राप्त हुन्छ । तर यो आँप भगवान बुद्धलाई दान दिएँ भने धेरै धेरै पुण्य प्राप्त हुन्छ । त्यसले असंख्य जन्मसम्म नसिद्धिने सुख भोग प्राप्त हुन्छ । यस्तो विचार गरी ऊ दान दिन तयार भए । यसरी उसले दान दिन खोजेको थाहा पाउनु भई भगवानले आयुष्मान आनन्दलाई हेर्नु भयो । भगवान बुद्धले हेर्नु भएकोले आनन्दले भगवानको इच्छा बुझी चतुमहाराज-हरूले दान दिईराखेको पात्र झोलाबाट निकाली भगवान बुद्धको हातमा राखीदिनु भयो । त्यसपछि भगवान बुद्धले कण्ड भन्ने बगैंचाको मुख्य मालीले दान दिएको आँप त्यही पात्रमा थापेर दान लिनु भयो । फेरि भगवानको इच्छा अनुसार यस बगैंचाको संगै आनन्दले आफ्नो काँधमा रहेको चीवर ओछ्याइदिनु भयो । भगवान त्यसमा बस्नु भयो । त्यो दान दिएको आँप खानुभयो । फेरि त्यो आँप खान सके-पछि त्यसको बियाँ त्यही बगैंचाको मुख्य मालीलाई दिनुभई यो यहाँ रोपीदिनु भनी दिनुभयो । कण्ड मालीले बुद्धवचना-नुसार आँप त्यहीं रोपीदियो । अनि त्यो रोपेको ठाउँमा भगवानले हात धोई पानी दिनुभयो । भगवान बुद्धको दस

Downloaded from http://www.dhamma.digital

पारमिताको तेजले तुरून्त नै आगोबाट निस्केको धुँवा जस्तै आँपको बियाँबाट आँपको बोट उम्री त्यो बढेर ठूलो आँपको रुख बन्यो । त्यो आँपको रूख एकै छिनमा पचास हात ठूलो सय हात घेरा जति ठूलो भयो । त्यस रूखको पाँचवटा ठूलो र एकसय पचासवटा हाँगा रह्यो । फेरि त्यो सुगन्धित पात र फल आदिले पूर्ण भयो । बुद्धको पछि पछि हिंडेका भिक्षु-हरूले त्यो आँपको रूखमा भएको आँप खान पायो । यो आश्चर्यजनक आँपको रूख आँप दान दिने बगैंचा नायकले पनि देखे । उसलाई हर्षले मनमा प्रीति उत्पन्न भयो । खुशिले श्रावस्ती नगरभित्र पसी घर घरमा गई यो खबर सुनाउँदै महाराजको दरबारमा गए ।

कोशल महाराज पनि यो आँपको रूख उत्पन्न भएको कुरा सुनी अति खुशि भई पाले पहराहरूलाई उक्त आँपको रूख रक्षा गर्न पठाए । फेरि दरबारमा भएका राजकुमारहरू, महारानीहरू, मन्त्रीहरू र सेनापतिहरूलाई बुद्धले देखाउनु हुने यमक ऋद्धि प्रातिहार्य दर्शन गर्न जाउँ भनी बोलाए । यो सुनी सबै श्रावस्ती देशवासीहरूको बीचमा हल्ला खल्ला भयो । दर्शन गर्न मानिसहरू श्रावस्ती देशबाट निस्के । आईरहेका मानिसहरूलाई तीर्थंकरहरूले बाटोमा बाधा दिईरहे । अनि तिनीहरूलाई मदिरा पिएका मानिसहरूले आँप खाएर बिगाँले हिर्काएर यसरी जिस्क्याइराखे– "हे तीर्थंकरहरू, तिमीहरू गौतम बुद्धसँग ऋद्धिको जोरि खोज्ने होइन ? खोइ अब त तिमीहरूले कुनै ऋद्धि प्रातिहार्य देखाएका होइनौं । केवल

Downloaded from http://www.dhamma.digital

भएका आँपका रूखहरूको मात्र विनाश गर्‍यौ । यस्तो भनी तिनीहरूलाई गालि गर्न लागे ।

तीर्थंकरहरू यो कुरा सुनी आफू आफू नै लज्जाएर आफूले बनाएका मण्डपमा बस्न गए ।

त्यो बेला देवराज इन्द्रले वायु देवतालाई बोलाएर यस्तो भने– 'नराम्रो खराब कल्पना गर्ने तीर्थंकरहरूलाई यसरी राख्नु हुँदैन ।' इन्द्रको यो आज्ञा सुनी वायु देवता आएर तिनीहरूको मण्डप चक्नाचूर हुने गरी वायु छोडेर ल्यायो । फेरि सूर्य देवतालाई बोलाएर तीर्थंकरहरूलाई घाम चर्काइ पोलाइदेउ भनी हुकूम दिए । फेरि वर्षा देवतालाई बोलाएर तीर्थंकरहरूकहाँ बेगसँग वर्षा गराइदेउ भनी हुकुम दिए । इन्द्रको हुकुम अनुसार वर्षा गराएकोले तीर्थंकरहरूको जिउभरि भुइँको धूलो माटो पानीले भिज्यो । वस्त्र जम्मै भिजेर लाज लागेर भागी एक ठाउँमा लुकीबसे । त्यसबेला पुरणकस्सपका शिष्य भएर रहेका कृषक एकजना आज मेरो गुरुले गौतमसँगै ऋद्धि जोरि देखाउने हेर्छु भनी खेतबाट डोरि र भात पकाउने भाँडा एउटा लिएर फर्केर आइरह्यो । त्यतिबेला अगाडि दौडेर आईरहेका पुरणकस्सप देख्नेवित्तिकै कृषकले सोधे– 'भो गुरु, कहाँ ऋद्धि देखाउनु हुन्छ ? हामी तपाईंले देखाउने ऋद्धि हेर्न भनी आइरहेछौं । अहिले तपाइँ कहाँ जान लाग्नु भएको ?' पुरणकस्सपले भने– 'दायक ऋद्धि हेर्ने इच्छा भए मेरो गति मात्र हेर्नु । तिम्रो डोरि र भात

Downloaded from http://www.dhamma.digital

पकाउने भाँडा मलाई देउ' भनी लिई आफ्नो घाँटीमा डोरी वाँधी त्यसमा भाँडा झुण्डयाएर नदीमा डुबेर मऱ्यो। फेरि त्यो अवीचि नरकमा जन्म लिन पुग्यो।

भगवान बुद्धले ३६ योजन भएको ठाउँमा जिउ जिउ छुने गरी तन्न जम्मा भएका परिषदलाई देखी चारैतिर चक्रवालबाट कहिं पनि छेक्ने कुरा नरहीकन देख्न सकिने लोकविवरण उत्पन्न गरी आधि योजन अग्लो आकाशमा पूर्व चक्रवालवाट पश्चिम चक्रवालसम्म रत्न मण्डपमा चंक्रमण गर्नु भयो। अनि सुनको गुफाबाट निस्केको सिंहराज जस्तै गन्ध-कुटी विहारवाट निस्की आधि योजन अग्लो रत्न मण्डपमा चंक्रमण गरी उठ्नु भयो।

त्यसवेला धरणी भन्ने उपासिका भगवानको चरणमा परी यस्तो बिन्ति गरी– "भो भन्ते, छ वटा भाग्यले युक्त हुनु भएका भगवान शास्ता, म जस्ती पुत्रीरत्न हुँदा हुँदै तपाइँले दुःख भोग्नु पर्दैन। मैले यिनीहरूलाई ऋद्धि देखाउँछु।"

भगवान बुद्धले उनीसँग सोध्नु भयो– "पुत्री तिमीले कसरी ऋद्धि देखाउँछौ ?"

भो भगवान, मैले एकवटा चक्रवाल पानीले भरी मैले एउटी कुखुरीको भेष लिई पश्चिम चक्रवालबाट डुबी पूर्व चक्रवालबाट निस्कन्छु। दक्षिण चक्रवालबाट डुबी उत्तर चक्रवालमा निस्कन्छु। उत्तर चक्रवालवाट डुबी दक्षिण चक्र-वालवाट निस्कन्छु। यो हेरी सकेपछि मानिसहरूले बुझनेछन्,

Downloaded from http://www.dhamma.digital

एउटी बुद्धकी छोरीले कुखुरी भएर यति ठूलो ऋद्धि देखाउन सक्छिन् भने बुद्धले कति मात्र देखाउने होला । यसको त बयान गर्ने कुरै छैन । यस्तो विचार गरी तीर्थंकरहरू आफै पछाडि सर्नेछन्–' यस्तो भनी धरणी उपासिकाले बिन्ति गरी ।

भगवान बुद्धले आज्ञा हुनु भयो– 'पुत्री धरणी, तिमीले यस्तो ऋद्धि देखाउन सक्छौ भनी मलाई थाहा छ । तर यतिका जम्मा भएका प्राणीहरू तिम्रो ऋद्धि हेर्नलाई भनी होइन ।' यस्तो आज्ञा भई भगवान बुद्धले श्रावकहरूतर्फ हेरी 'तिमीहरूले के ऋद्धि देखाउन सक्छौ ?' भनी सोध्नु भयो । अनि चूल अनाथपिण्डिक भन्ने अनागामी उपासकले बुद्धको चरणमा परी बिन्ति गर्नु भयो– 'म जस्ता पुत्ररत्न हुँदाहुँदै तकलिफ नगर्नु होला । मैले ऋद्धि प्रातिहार्य देखाउँछु ।'

भगवानले तिमीले कसरि ऋद्धि देखाउँछौ भनी सोध्दा उसले बिन्ति गरे– 'भो भगवान मैले बाह्र योजन भएको ब्रह्माको भेष लिई मेघगर्जनको जस्तो आवाज निकाली लोकधातुलाई आवाजैले छोपीदिन्छु । अनि यो शब्दले प्राणी-हरू डराई अहो बुद्धपुत्र चूल अनाथपिण्डिक भन्ने एक महाजन उपासकले नै ब्रह्माको भेष लिई ऋद्धि देखाउन सक्छन् भने बुद्धको ऋद्धि कति कस्तो होला भनी आश्चर्य मान्छन् । फेरि तीर्थंकरहरू भागेर जानेछन् ।'

भगवान बुद्धले भन्नुभयो– तिमीले ऋद्धि देखाउन

Downloaded from http://www.dhamma.digital

सक्छौ भन्ने कुरो मलाई थाहा छ । तर यी ३६ योजन भरि जम्मा भईरहेका सत्वहरू बुद्धको ऋद्धि दर्शन गर्न भनी आईरहेका हुन् । भगवानले यस्तो आज्ञा भईसकेपछि फेरि सातवर्ष मात्र भएका चीर भन्ने श्रामणेरले बुद्धको चरणमा परी बिन्ति गरे– 'मैले पनि तपाइँको गुण जानेको हिसावले ऋद्धि देखाउँछु । फेरि उसले भने– 'भन्ते, मैले सुमेरु पर्वत, चक्रवालसहित पोखरी सातवटा, पहाड, समुद्रहरू पालैसित ल्याई लहरै राख्छु । मैले हंसराजको भेष लिएर यहाँ वहाँ नहुने गरी निस्केर आकाशमा उडेर देखाउँछु । त्यस्तो गर्नेबेला बुद्धका साना नातो चीरले समेत यस्तो ऋद्धि देखाउन सक्छन् भने बुद्ध गौतमले देखाउनु भयो भने कस्तो मात्र हुने होला भनी प्रशंसा गरी तीर्थंकरहरू हटेर जानेछन् ।

भगवान बुद्धले– "तिमीले ऋद्धि देखाउन सक्छौ भनी मलाई थाहा छ ।" भनी भनेपछि प्रतिसम्भिदापत्त क्षीणाश्रव भईसकेको सातवर्ष मात्र भएका चुन्द श्रामणेरले बुद्धको चरणमा परी बारम्बार वन्दना गरी मैले पनि एउटा ऋद्धि देखाउँछु भनी बिन्ति गरे । फेरि चुन्द श्रामणेरले भगवानसँग बिन्ति गरे– "भन्ते म यस जम्बुदीपको टुप्पोमा उम्रिरहेको एकसय योजन लामो जम्बुअंगुरको रूख पात र फल सहित उखेलेर काँधमा बोकी धेरै मानिसहरूलाई असल मीठो अंगूर खुवाउन ल्याउँछु । त्यस्तै त्रावतिंस देवलोकमा भएको पारिच्छत्तक वोटलाई ल्याएर सबैलाई फूल बाँडिदिन्छु । त्यस्तो गरेर देखाउने बेला धेरै मानिसहरूले देखेर बुद्धको सानो नाती

Downloaded from http://www.dhamma.digital

चुन्द श्रामणेरले नै यस्तो ऋद्धि देखाउन सक्छ भने बुद्धले देखाउनु हुने ऋद्धि कस्तो मात्र हुने अन्त्य नै लिन सक्दैन भनी आश्चर्य मानी तीर्थंकरहरू हटेर जानेछन् ।

तर बुद्धले उसलाई पनि अनुमति नदिईकन चुप लाग्नु भयो । त्यसपछि उप्पलवण्णा भन्ने अग्रश्राविका भिक्षुणी-ले बुद्धको चरणमा परी बिन्ति गरे, 'भन्ते मैले पनि एउटा ऋद्धि प्रातिहार्य देखाउँछु । भन्ते, 'मैले चक्रवर्ती राजाको भेष लिई सोह्र योजनभरि परिषद् जम्मा गरी आकाश मार्गबाट आई तपाइँको पाउमा वन्दना गर्छु ।'

तर बुद्धले उसलाई पनि 'पुत्री उप्पलवण्णा तिम्रो शक्ति मलाई थाहा छ । तर यो ३६ योजनभरी जम्मा भई-रहेका प्राणीहरू बुद्धको निम्ति मात्र आईरहेका हुन्' भनी भन्नुभयो ।

त्यसपछि बुद्धको बायाँ बस्नु हुने अग्रश्रावक मौद्ग-ल्यायन स्थविरले बुद्धको चरणमा परी बिन्ति गरे– 'भन्ते भगवान, यस लोकमा आमा-बाबुको काम जम्मै ठूला छोरा-हरूको भार जस्तै गुरुको काम जम्मै ठूला शिष्यहरूको भार हो । त्यसैले तपाइँको जुन काम हो, यो मेरो काम म गर्छु । यो ऋद्धि देखाएर तीर्थंकरहरूलाई दमन गर्ने काम मलाई दिनुहोस् ।

भगवान बुद्धले सोध्नुभयो– "प्रिय मौद्गल्यायन, तिमीले कसरी ऋद्धि देखाउँछौ ?" भन्ते, मैले योजन चौरासि

Downloaded from http://www.dhamma.digital

हजार दुइ गुणा भएको सुमेरु पर्वतलाई मुखमा दाँतको बीचमा राखी कांक्रो, नासपाति जस्तै काइँ काइँ चपाइदिन्छु । त्यसपछि यस चक्रवालमा रहेका प्राणीहरूलाई मेरो एउटा हातमा राखी यो पृथ्वीलाई एउटा पराल जस्तै पत्याई औंलाको बीचमा राखीदिन्छु । त्यसपछि यो महापृथ्वीलाई कुम्हालेको पांग्रा जस्तै घुमाएर पृथ्वीमुनि रहेको पृथ्वी ओज धातुलाई लिई रस बनाई मानिसहरूलाई खुवाईदिन्छु ।

त्यसपछि अर्को ऋद्धि के देखाउन सक्छौ पुत्र मौद्गल्यायन भनी बुद्धले फेरि सोध्नु भयो । मौद्गल्यायनले बिन्ति गरे– "भन्ते, यस चक्रवालमा रहेका प्राणीहरूलाई एउटा हातमा राखी सुमेरू पर्वत छाताको डण्डी बनाई यो चक्रवाललाई छाता बनाई एउटा भिक्षुको भेष लिई एउटा हातले त्यो सुमेरू पर्वतलाई छाताको डण्डी, चक्रवाल छाता बनाई राखेको त्यो छाता ओढेर मानिसहरूले देख्ने आकाशमा चंक्रमण गरेर देखाउँछु ।' मौद्गल्यायनको यो कुरा सुनी बुद्धले आज्ञा दिनु भयो, "प्रिय पुत्र मौद्गल्यायन, तिम्रो शक्ति मलाई थाहा छ । तर यो ३६ योजन भरि परिषद बुद्धको निंति जम्मा भईरहेका हुन् । त्यसैले अहिले मेरो नै मात्र कर्तब्य हो । फेरि समुद्रको बालुवा समान भईसकेका पूर्व बुद्धहरूले पनि देखाउनु भएको थियो । तिमी पुत्रपुत्रीहरू धेरै ऋद्धि भएका भएपनि मैले गर्नुपर्ने काम तिमीहरूले गर्न सक्तैनौ । पहिला पहिला नन्दिविशाल जातकमा पनि यस्तो गर्न पर्ने भएको थियो ।' अनि मौद्गल्यायनले प्रार्थना गरेकोले नन्दि विशाल जातक

Downloaded from http://www.dhamma.digital

बुद्धबाट आज्ञा भयो ।

त्यसपछि गौतम बुद्ध रत्नचंक्रमणमा माथि गएर ३६ योजन भरि भएका मानिसहरूको वीच माथि आकाशमा उभी चतुर्थ ध्यानको समापत्तिमा पस्नु भयो । त्यसपछि जिउ भरिबाट आगो निकाल्न तेजो कसिण पच्चवेक्खण जवन तीन चार चोटि गर्नुभयो । फेरि पानीको धार निकाल्न आपो कसिण आलम्बन गरो पच्चवेक्खण जवन तीन चार चोटि गर्नु भयो । तलतल तल्किने छ वर्ण रश्मि उत्पन्न गर्न नील आदि कसिण-को आलम्बन गरी पच्चवेक्खण जवन तीन चार चोटी गर्नु भयो । धेरै वोथी चित्त उत्पन्न गरी पच्चवेक्खण समापत्तिको आनुभावले माथि शरीरबाट आगो फाली सबै लोकधातुसम्म शब्द आई भूमिकम्प भएको यमक प्रातिहार्य उत्पन्न गरी भवग्गसम्म तलतल टल्किरह्यो । तल्लो शरीरवाट पानीको धार निकाली चक्रवाललाई घुमाई माथि तल धारा बगिरह्यो ।

त्यसपछि तलको शरीरवाट आगो निकाली फेरि माथिल्लो शरीरबाट पानीको धार निकाल्नुभयो । दाहिने आँखाबाट आगो निकाली बायाँ आँखावाट पानी निकाल्नु भयो । बायाँ आँखाबाट आगो निकाली दाहिने आँखावाट पानी निकाल्नु भयो । त्यस्तै दाहिने कानवाट आगो, बायाँ कानवाट पानी, बायाँ कानबाट आगो, दाहिने कानबाट पानी निकाल्नु भयो । फेरि दाहिने नाक प्वालबाट आगो, बायाँ नाक प्वालबाट पानी, बायाँ नाक प्वालवाट आगो

Downloaded from http://www.dhamma.digital

दाहिने नाक प्वालबाट पानी निकाल्नु भयो । दाहिने काँध-बाट आगो, बायाँ काँधबाट पानी, फेरि बायाँ काँधबाट आगो, दाहिने काँधबाट पानी निकाल्नु भयो । दाहिने पिठ्युँ-बाट आगो बायाँ पिठ्युँबाट पानी, बायाँ पिठ्युँबाट आगो, दाहिने पिठ्युँबाट पानी निकाल्नु भयो । दाहिने खुट्टाबाट आगो, बायाँ खुट्टाबाट पानी, बायाँ खुट्टाबाट आगो, दाहिने खुट्टाबाट पानी, फेरि औंला औंलाबाट आगो निकाली औंलाको बीच बीचबाट पानी निकाल्नु भयो । त्यस-पछि कुनै कुनैबाट आगो निकाली, कुनै कुनैबाट पानी निकाल्नु भयो । जिउभरिबाट नीलो रश्मि, पहेँलो रश्मि, रातो रश्मि, सेतो रश्मि, कलेजि रश्मि प्वालपिल मिसिएको रश्मि, टलटल टल्किने ब्रह्मलोकसम्म रश्मि लोक धातु तम्र भरिरह्यो । त्यसबेला भगवानले आफू समानको अर्को बुद्ध रूप एउटा बनाई बुद्धले चंक्रमण गर्नुहुँदा निर्मित बुद्ध लेत्नु भयो । बुद्ध उभिनु हुने बेला निर्मित बुद्ध चंक्रमण गर्नु भयो । बुद्ध बस्नु हुने बेला निर्मित बुद्ध उभिनु भयो । निर्मित बुद्धले प्रश्न गर्नुहुँदा बुद्धले उत्तर दिनु भयो । त्यस्तै नै अनेक प्रकारको प्रत्येक बुद्ध, श्रावक बुद्ध वा अन्य कसैले गर्न नसकिने यमक प्रातिहार्य ज्ञान रत्न चंक्रमणमा आकाशमा बसी सबैले देख्नेगरी देखाउनु भयो । त्यो बेला बुद्धले ऋद्धिले देखाउनु भएको पानी र आगो नमिसीकन नै माथि नेवसञ्ञानासञ्ञा भूवन सम्म एकैचोटि सारा चक्रवालसम्म टलटल टल्किरह्यो । भगवान बुद्धले ऋद्धि देखाउनु हुँदै नै सारा चक्रवालमा

Downloaded from http://www.dhamma.digital

बसेकालाई उपदेश पनि दिनुभयो । यो उपदेश सुनी करोड भन्दा बढी प्राणीलाई धर्मरस प्राप्त भयो ।

बुद्धले यसरी ऋद्धि देखाउनु भईसकेपछि कहाँ वर्षावास गर्नुपर्ला, पहिलेका बुद्धहरूले ऋद्धि देखाईसकेपछि कहाँ वर्षावास गर्ने हो भनी पुब्बेनिवास ज्ञानले हेर्नुभयो । फेरि त्रावर्तिस देवलोकमा गई (आमा) देवपुत्रलाई उपदेश गरी वर्षावास गर्ने बुद्धहरूको नियम देख्नु भयो । अनि भगवान बुद्धले आषाढ पूर्णिमाको दिन राती साँझमा त्रावर्तिस देवलोकमा जाने मनमा राख्ने बित्तिकै सुमेरू पर्वतले शीर निहुऱ्यायो । बुद्ध त्रावर्तिस देवलोकमा पुग्यो भन्ने समाचार देवराज इन्द्रले थाहा पाई इन्द्रदेव मन्त्रीहरू सहित आएर बुद्धलाई स्वागत गर्न आए । फेरि बुद्धको पछि पछि हिंड्दै इन्द्रको यस्तो विचार आयो– 'गौतम बुद्धले हाम्रो त्रावर्तिस देवलोकमा पण्डुकम्वल शीलाशनमा वर्षावास गर्ने इच्छा गर्नु भएको जस्तो छ । यदि उहाँले त्यहाँ वर्षावास गर्ने भयो भने त्यो आशन बुद्धाशन हुन्छ । देवताहरूले हात पनि राख्न योग्य हुँदैन । फेरि बुद्धको शरीर केवल अठार हात मात्र छ । त्यो पण्डुकम्बल शीलाशन त लम्वाइले साठी योजन, चौडाइमा पचास योजन, उँचाइमा पन्ध्र योजन छ । यसरी ठूलो ठाउँमा एक छेउमा मात्र बस्नु भयो भने सबै खेर जान्छ भनी इन्द्रले बिचार गऱ्यो । बुद्धले इन्द्रको यो विचार थाहा पाई आफ्नो दोब्रयाइएको (संघाटि) चीवर ओछ्याई दिनुभयो र त्यो चीवर त्यत्रो ठूलो शीलाशन ढाक्यो । त्यसपछि बुद्ध शीलाशनमा जानु

Downloaded from http://www.dhamma.digital

भई आठवटै कुनामा भरि हुनेगरी बस्नुभयो । अनि तल मनुष्य लोकमा बुद्धले यसरि ऋद्धि देखाउँदै माथि जानुभएका बुद्ध तल नझर्नु भएकोले ऋद्धि हेर्न आउने मानिसहरू आश्चर्य मानी त्राश पनि लागी एक एक ठाउँमा जम्मा भईरहे । फेरि तिनीहरू कराईरहे– "भरखर आकाशमा चंक्रमण गर्नु भएका बुद्ध नदेखिन थाल्यो । बुद्ध चित्रकूट पर्वतमा हो कि ? कैलाश पर्वतमा हो कि ? युगन्धर पर्वतमा हो कि ? उहाँ कहाँ जानु भयो ? चन्द्र र सूर्य पश्चिममा डुब्ने जस्तै भयो । कसै कसैले बुद्धले तीर्थंकरहरूलाई बोध गर्न ऋद्धि देखाउनु भई अन्तै लुकी बस्नु भयो होला भनी रहे । कसै कसैले उहाँको शिष्य-हरूलाई थाहा होला भनो मौद्गल्यायन भन्तेकहाँ गई सोध्नु भयो । यसरी सोध्न जाँदा आफूलाई थाहा भएपनि बुद्धबाट दिब्यचक्षु एतदग्ग दिइएका अनुरूद्ध भिक्षुको गुण प्रकाश गर्नको लागि अनुरुद्धकहाँ सोध्न जानु भनी भनेर पठाउनु भयो । अनि उहाँले उपासक उपासिकाहरूलाई बुद्ध अहिले त्रावतिंस देवलोकमा वर्षावास गर्ने इच्छाले सुदर्शन भन्ने देशमा पारिच्छत्तक रुखको मुनि बिछ्याइएको शीलाशनमा प्रकट हुनु भयो भनी भन्नुभयो । अनि भिक्षु अनुरुद्धले भगवान बुद्ध वर्षावास तीन महिना सिध्याई मात्र तल आउनु हुन्छ भनी भन्नु भए पछि मानिसहरू भगवान बुद्धको दर्शन नगरी कहिं जान्नौं भनी श्रावस्ती देशको नजिक यताउती छाप्रो बनाएर बास गरी रहे ।

तिनीहरू बसीरहेका छाप्रोमा घाम र हावाले छेक्दैन ।

Downloaded from http://www.dhamma.digital

तैपनि बुद्धको उपरमा ठूलो श्रद्धा चित्तको जोरले शरीरमा कुनै रोग ब्याधि भएन । भगवान बुद्धले पहिले नै भन्नु भएको थियो– 'प्रिय पुत्र मौद्गल्यायन, जम्मा भईरहेका प्राणीहरूलाई तिमीले उपदेश दिईरहू । तिमीहरूलाई चाहिने चतुप्रत्यय चूल अनाथपिण्डिकले पूरा गर्छ । त्यसैले उसले दिनदिनै मौद्गल्यायनले चूल अनाथपिण्डिकको आमिस (खाद्य) ग्रहणगर्दै, आईरहेका मानिसहरूलाई अमृतोपदेश दिइरहनु भयो । उता भगवान बुद्ध पारिच्छत्तक रुखको मुनि शीलाशनमा पुग्न जानु भयो भन्ने समाचार देवताहरूले थाहा पाई धेरै देवताहरू जम्मा हुन आईरहे । माथि माथिका देवलोक ब्रह्मलोकका ब्रह्माहरूले पनि यो समाचार सुनी आमा भईसकेका सन्तुस्सित देवपुत्र सहित अङ्कूर इन्दक आदि धेरै देव ब्रह्माहरू आईरहे । यस चक्रवालमा भएका देव ब्रह्माहरूको हर्ष घोषणा सुनी अन्य दशवटा चक्रवालमा बसेका देव ब्रह्माहरू पनि देवलोकमा सुनाउनु भएको अमृतोपदेश सुन्न त्यही दिन बेलुकी पुग्न आए । बुद्धको चारैतिर देव ब्रह्माहरूले चारैतिर वसीरहेपनि देवताहरूको रश्मि चम्किरहेको थिएन । केवल बुद्धको शरीरवाट निस्केको रश्मि मात्र चम्कीरह्यो । यस परिषद मध्ये आमा भईसकेका सन्तुस्सित देवपुत्र बुद्धको दाहिने पट्टि बसीरहे । उसको संगै ठूलो ऋद्धि भएका इन्दक देवपुत्र बसीरहे । बुद्धको बाँयापट्टि अङ्कूर देवपुत्र बसीरहे । अनि सँगै बस्दै ठूल ठूला देव ब्रह्माहरू आउँदै गरेपछि ठाउँ छोड्दै बस्दा ती अङ्कूर देवपुत्र बुद्ध भन्दा बान्ह योजन टाढा पुग्न

Downloaded from http://www.dhamma.digital

गयो । त्यो बेला ती देवपुत्र दुईजनाको कुशल शक्ति फरक भएको कुरा बुझने इच्छाले बुद्धले यस्तो आज्ञा हुनु भयो– 'हे अङ्कूर देवपुत्र, तिमी मनुष्यलोकमा वसीरहेको बेला मध्यम देशको महाराज भएर एक लाख वर्षसम्म बाह्र योजन भएको ठाउँमा भान्छा वनाएर दान गरेर आउने होइनौं ? त्यसो गरेर आएपनि तिमी किन मबाट टाढा वस्नु परेको ? अङ्कूर देवपुत्रले भने– 'भन्ते म मनुष्य लोकमा वसेर धेरै दान दिंदा शासनमा बसी त्रिरत्नको शरणमा गई पञ्चशील पालन गर्ने एकजना पनि दान लिन आउने छैन । केवल दुःशीलहरूलाई मात्र दान गरें । त्यसैले मेरो दानको फलको शक्ति कम भयो । त्यसैले नै शक्तिवान देवताहरू आउँदै गरेपछि ठाउँ छोड्नु पर्‍यो । त्यसपछि इन्दक देवपुत्रलाई बोलाई बुद्धले सोध्नु भयो– "हे इन्दक, तिमी मनुष्य लोकमा रहँदा एकैपल्ट मात्र भाई अनुरुद्धलाई एउटा पात्र मात्र भोजन दान गरेर आएका भएपनि अहिले तिमीले यतिका देवताहरू आएपनि ठाउँ नछोडिकन यहाँ मसँगै वस्न पाएको किन ?"

इन्दक देवपुत्रले विन्ति गरे– "भन्ते, म मनुष्यलोकमा वस्दा अल्प मात्र दान गरेर आएको भएपनि मेरो अल्पदान ग्रहण गर्ने व्यक्ति शीलवन्त, गुणवन्त पुद्गल विशेषका भएको-ले पुण्य शक्ति धेरै भयो । त्यसैले जस्तो सुकै पुण्य शक्ति वलियो देवता आएपनि कुनै देवतासँग मैले डराउनु परेन । यहिं तपाइँको संगै वस्न पायो ।"

त्यो बेला बुद्धले ती नै दुई देवपुत्रको प्रमाणदिई सकल

Downloaded from http://www.dhamma.digital

देवताहरूलाई यसरी उपदेश दिनुभयो–

विचेय्य दानं दातब्बं, यत्थ दिन्नं महप्फलं ।

विचेय्य दानं सुगतपसत्थं, ये दक्खिणेय्या इध जीव लोके ।

एतेसु दिन्नानि महप्फलानि, बीजानी रोपितानि यथा सुखेत्ते ।

अर्थात्:– विचेय्य = छानी छानी, दानं = दान, दातब्बं = दिनुपर्छ । यत्थ = जुन उतम पुद्गललाई, दिन्नं = दिएको दान, महप्फलं = महान फल दिन्छ । विचेय्य दानं = छानी छानी उत्तमहरूलाई दिएको दानलाई, सुगतपसत्थं = बुद्ध आदिहरूले प्रशंसा गरीराखेको । इध जीव लोके = यो जीवमान मनुष्य लोकमा, ये दक्खिणेय्या = जुन शीलवान पुद्गलहरू छन्, ती पुद्गलहरूलाई, दिन्नानि = दान दियो भने ठूलो उत्तम फल दिने । यथा = जस्तै, सुखेत्ते = राम्रो भूमिमा, रोपितानि = रोपेको, बीजानी = बीजको, महप्फलानि = धेरै फल हुन्छ ।

खेत्तानि = खेतलाई, तिणदोसा = घाँसले बिगार्छ, अयंपजा = यी सत्वहरूलाई, राग दोसा = रागले बिगार्छ, दोस दोसा = द्वेषले बिगार्छ, मोह दोसा = मोहले बिगार्छ, इच्छा दोसा = लोभले बिगार्छ, तस्मा = त्यसैले, वीत रागेसु = रागले रहित भईसकेका व्यक्तिहरूलाई, वीत दोसेसु = दोषले रहित

Downloaded from http://www.dhamma.digital

भईसकेका व्यक्तिहरूलाई, वीत मोहेसु=मोहले रहित भइसकेका व्यक्तिहरूलाई, वीत इच्छासु=इच्छाले रहित भईसकेका व्यक्तिहरूलाई, दिन्नं=दिएको दान, महप्फलं=धेरै फल दिन सक्ने दान, होति=हुन्छ ।

यसरी उपदेश दिनु भएको सारा संसारमा फैल्यो । बुद्धले यो उपदेश दिनु भईसकेपछि यस्तो विचार गर्नुभयो– 'देवताहरूसँग तीक्ष्ण बुद्धि हुन्छ । त्यसैले गम्भिर भन्दा गम्भिर अभिधर्म ज्ञान नै यिनीहरूलाई योग्य हुन्छ । यो उपदेश सुन्न पाए मात्रै उनीहरूसँग भएको अभिमान, इच्छा, तृष्णा र मिथ्याज्ञान नष्ट भएर मार्ग फल ज्ञान देख्न सक्छ ।' यस्तो मनमा राखी कुसला धम्मा, अकुसला धम्मा, अव्याकताधम्मा आदि सहितको अभिधर्म देशना गर्नु भयो । यसरि देवलोकमा वर्षावास तीन महिनासम्म उपदेश दिनुभएको भित्रमा उहाँले पनि उपादिन्नक चतुसमट्ठान रूपलाई रक्षा गर्नु भयो । यहाँ मनुष्य लोकको समय थाहा पाउनु भई मनुष्य लोकमा सूर्यको प्रकाश तेजिलो हुने समयमा उहाँसँगै शरीर वर्ण र स्वर उस्तैको निर्मित्त बुद्ध बनाउनु भई मेरो ठाउँमा यसले उपदेश दिईरहुन् भनी अधिस्थान गरी पण्डुकम्बल शीलाशनमा राखी आफू स्वयं चीवर पात्र लिई तल आएर हिमवन्त पर्वतमा अनोतप्प दहको सँगै श्रीखण्डको रूखमुनि उभिनु भयो । त्योबेला हिमालयमा रहेका नागराजाहरूले नागलता भन्ने दतिवन दान दिन आए । त्यो दतिवन दान लिएर अनोतप्प दहको पानीले मुख धोई अनुहार धोईसक्नु

Downloaded from http://www.dhamma.digital

भएपछि चीवर लगाएर चतुमहाराजहरूले दान दिईराखेको नीलो रत्नको पात्र लिई उत्तर कुरुदीपमा भिक्षा जानुभयो । त्यहाँका मानिसहरूले बुद्ध भनेर चिनेको थिएन तिनीहरूले एक देवता भनी थानी दिएको भोजन लिनु भयो । त्यहाँबाट अनोतप्प दहको छेउमा वसी भोजन खानु भएर त्यहाँबाट श्रीखण्डको रुख भएको जङ्गलमा जानु भएर आराम गर्नु भयो । त्यंहाँ धर्म सेनापति सारिपुत्र आएर बुद्धलाई आवश्यक सत्कार गरी संगै बसोरहे । अनि बुद्धले प्रिय पुत्र आज देवलोकमा मैले यति उपदेश दिएँ भनेर संक्षिप्तमा सुनाउनु भयो । सारिपुत्र पनि महापुण्यवान तिहेतुक पुद्गल भएको हुनाले संक्षिप्तमा दिनु भएको उपदेशलाई बिस्तारै बुझ्नु भयो । बुद्ध पनि त्यहाँबाट बेलुकी देवलोकमा नै गई पहिले जस्तै उपदेश दिनु भयो । यसरो बुद्धले निर्मित्त बुद्ध छोडेर जानु भएको भनी कुनै ठूला देवताहरूलाई थाहा थियो । रूप र आवाज बुद्ध जस्तै भएकोले तल्लो स्तरका देवताहरूलाई थाहा थिएन । सारिपुत्रले पनि बुद्धले सुनाउनु भएको उपदेश आफूले सम्झी विस्तारै पाँचसय शिष्यहरूलाई सुनाउनु भयो । त्यसरि बुद्धले देवलोकमा भन्नु भएको उपदेश सारिपुत्र भन्तेले सुनी मनुष्य लोकमा पाँचसय भिक्षुहरूलाई सिकाउनु भएकोले देवलोकमा अभिधर्म देशना सिध्येकै दिनमा मनुष्य लोकमा पनि सारिपुत्रले पाँचसय भिक्षुहरूलाई अभिधर्म देशना गर्न सिद्धिएको एकै दिनमा पऱ्यो ।

यस वर्षावास तीन महिनासम्म बुद्धले उपदेश दिनु

Downloaded from http://www.dhamma.digital

भएको अभिधर्म ज्ञान सुनी दश लाख कोटि देवताहरूले चार आर्यसत्य ज्ञान देखे । (आमा) देवपुत्र पनि श्रोतापन्न भए ।

– ० –

Downloaded from http://www.dhamma.digital

# शीलपरिच्छेद

थेरवाद बौद्ध चारित्र अनुसार कुनै पनि बौद्धले कुनै पनि पुण्य कार्यको शुभारम्भमा पञ्चशील ग्रहण गरी पवित्र हुनु आवश्यक छ र त्यस्तै चलन चल्ती छ ।

शीलको शाब्दिक अर्थ सदाचार हो । पञ्चशील, अष्टशील र प्रव्रज्याशील आदि यिनको अनेक भेद छन् । बौद्ध गृहस्थीको कर्तव्य हो कि उनी नित्य पञ्चशील पालन गर्नमा ध्यान दिनु र अष्टमी, औंसी एवं पूर्णिमाको दिनहरूमा अष्टशीलको पालन गरुन् । प्रव्रज्या–शील भिक्षु हुनेहरूको लागि हो ।

पञ्चशील ग्रहण गर्नुभन्दा पूर्व भगवान् बुद्धलाई वन्दना गरेर त्रिशरण ग्रहण गर्दछन् ।

जो व्यक्ति अरू कुनै धर्मावलम्बी हो भने अर्थात् अबौद्ध हो भने यदि त्यो बौद्धधर्म ग्रहण गर्न इच्छुक छ त उसले कोही भिक्षुसमक्ष वा बुद्धमूर्तिको अगाडि हात जोडी त्रिशरणको साथ पञ्चशील ग्रहण गर्नुपर्छ । त्रिशरण सहित पञ्चशील ग्रहण गरेपछि त्यो बौद्ध हुनेछ । त्रिशरण सहित पञ्चशील ग्रहण गर्ने विधि निम्नप्रकार छ ।

Downloaded from http://www.dhamma.digital

# शील प्रार्थना विधि

## त्रिशरण

नमो तस्स भबबतो अरहतो सम्मासम्बुद्धस्स

बुद्धं सरणं गच्छामि = म बुद्धको शरणमा जान्छु ।
धम्मं सरणं गच्छामि = म धर्मको शरणमा जान्छु ।
संघं सरणं गच्छामि = म संघको शरणमा जान्छु ।

दुतियम्पि बुद्धं सरणं गच्छामि
दुतियम्पि धम्मं सरणं गच्छामि
दुतियम्पि संघं सरणं गच्छामि

= दोश्रो पल्ट पनि बुद्ध, धर्म, संघको शरणमा जान्छु ।

ततियम्पि बुद्धं सरणं गच्छामि
ततियम्पि धम्मं सरणं गच्छामि
ततियम्पि संघं सरणं गच्छामि

= तेश्रो पल्ट पनि बुद्ध, धर्म, संघको शरणमा जान्छु ।

## पञ्चशील

पाणातिपाता वेरमणी सिक्खाप ं समादियामि ।

अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।

Downloaded from http://www.dhamma.digital

**कामेसु मिच्छाचारा वेरमणी सिक्खापदं समादियामि ।**
**मुसावादा वेरमणी सिक्खापदं समादियामि ।**
**सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समा-दियामि ।**

अर्थ:–

१) प्राणी हिंसाबाट बच्नु शिक्षा ग्रहण गर्छु ।
२) नदिएको वस्तु नलिने (चोरी नगर्ने) शिक्षा ग्रहण गर्छु ।
३) बेभिचार (भ्रष्टाचार) नगर्ने शिक्षा ग्रहण गर्छु ।
४) झुट्टा कुरा नगर्ने शिक्षा ग्रहण गर्छु ।
५) रक्सी आदि (लाग्ने पदार्थ) नपिउने शिक्षा ग्रहण गर्छु ।

**भिक्षुले– तिसरणेन सद्धिं पञ्चसीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्पमादेन सम्पादेथ ।**

अर्थ:– त्रिशरण सहित पञ्चशील धर्मलाई राम्रोसित सुरक्षित गरि होशियारीका साथ परिपालन गर ।

गृहस्थी– आम भन्ते (हवस भन्ते) ।

साधु ! साधु !!

# अष्टशील प्रार्थना

**ओकास अहं भन्ते तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपोसथसीलं धम्मं याचामि । अनुग्गहं कत्वा सीलं देथ मे भन्ते ।**

Downloaded from http://www.dhamma.digital

अर्थ :–

आज्ञा होस् भन्ते, मैले त्रिशरण सहित आठ अङ्ग भएको उपोसथ शील माँगिरहेको छु । कृपा गरेर मलाई शील दिनुहोस् ।

दुतियम्पि–ततियम्पि भनी तीन पटक दोहरिनु पर्छ । पञ्चशीलमा जस्तै–

बुद्धं सरणं गच्छामि, धम्मं सरणं गच्छामि, संघं सरणं गच्छामि तीन पटक शरणमा जाने ।

## अष्टशील

**१) पाणातिपाता वेरमणी सिक्खापदं समादियामि ।**
**२) अदिन्नादाना वेरमणी सिक्खापदं समादियामि ।**
**३) अब्रह्मचरिया वेरमणी सिक्खापदं समादियामि ।**
**४) मुसावादा वेरमणी सिक्खापदं समादियामि ।**
**५) सुरामेरय मज्जपमादट्ठाना वेरमणी सिक्खापदं समादियामि ।**
**६) विकाल भोजना वेरमणी सिक्खापदं समादियामि ।**
**७) नच्च गीत–वादित–विसूक दस्सन माला–गन्ध–विलेपन–धारण–मण्डन–विभूसनट्ठाना वेरमणी सिक्खापदं समादियामि ।**

Downloaded from http://www.dhamma.digital

**८) उच्चासयन–महासयना वेरमणी सिक्खापदं समा-दियामि ।**

अर्थ:–

१) प्राणी हिंसा नगर्ने नियम पालन गर्छु ।
२) चोरी नगर्ने नियम पालन गर्छु ।
३) ब्रह्मचर्या पालन गर्ने नियम ग्रहण गर्छु ।
४) झुठो कुरा गर्ने बानि छोड्ने नियम पालन गर्छु ।
५) रक्सी जाँड आदि लाग्ने पदार्थ नपिउने नियम ग्रहणगर्छु ।
६) अबेलामा (आधादिन बितेपछि बेताइममा) भोजन नगर्ने शिक्षा (नियम) पालन गर्छु ।
७) चरित्र भ्रष्ट हुने नाच, गान र अयोग्य दृश्य नहेर्ने र धेरै मूल्य पर्ने मालागन्ध अत्तर आदि (विलाषी) आभूषण पदार्थ सेवन नगर्ने नियम धारण गर्छु ।
८) धेरै पैसा पर्ने विलाषी बिछयौना र उच्च आसनमा नबस्ने नसुत्ने नियम पालन गर्छु ।

**भिक्षुले– तिसरणेन सह अट्ठङ्ग सम्पन्नागतं उपोसथ-सीलं धम्मं साधुकं सुरक्खितं कत्वा अप्प-मादेन सम्पादेथ ।**

गृहस्थी– आम भन्ते (हवस भन्ते) ।

साधु ! साधु ! ! साधु ! ! !

Downloaded from http://www.dhamma.digital

# आफैले शील गृहण गर्ने नियम

यदि शील प्रदान गर्ने कोहि भिक्षु रहेन भने आफ्नो इच्छानुसार कुनै निर्जन स्थानमा वा बुद्धप्रतिमा भएको ठाउँमा गइ वन्दना गरी अथवा जुन दिशामा चैत्य, विहार छ उतातिर हेरेर वन्दना गरीकन नमो तस्स भगवतो देखि त्रिशरण सहित पञ्चशील अष्टशील ग्रहण गर्ने । कसैलाई पालि श्लोक भन्न आउँदैन भने उसले यसरी प्रार्थना वा प्रतिज्ञा गरे पनि हुन्छ– "आज मैले सर्वज्ञ भगवान् बुद्धको आज्ञा अनुसार पञ्चशील, अष्टशील पालन गर्छु" भनी प्रतिज्ञा गरिदियो भने शील ग्रहणको काम पूरा हुने छ । भिक्षु समक्ष नै शील प्रार्थना गर्नुपर्छ भन्ने कर छैन ।

## त्रिरत्न वन्दना

प्रत्येक बौद्धको यो कर्तव्य हो कि प्रातः (विहान) एवं संध्याको समयमा त्रिरत्न वन्दना गर्ने । बुद्ध धर्म संघलाई त्रिरत्न भन्दछन् । त्रिरत्न गुण स्मरण गरी वन्दना गरेको खण्डमा चित्त शान्त रहन्छ । मानसिक संतोष प्राप्त हुन्छ र त्रिरत्न स्मरणद्वारा पुण्य (धर्म) लाभ हुन्छ ।

Downloaded from http://www.dhamma.digital

# बुद्ध वन्दना

## नमो तस्स भगवतो अरहतो सम्मासम्बुद्धस्स

इतिपि सो भगवा अरहं सम्मासम्बुद्धो, विज्जा चरणसम्पन्नो, सुगतो, लोकविदू, अनुत्तरो पुरिसदम्म सारथी सत्था देव मनुस्सानं बुद्धो भगवा'ति ।

## नमो तस्स सम्मासम्बुद्धस्स

ये च बुद्धा अतीता च, ये च बुद्धा अनागता,
पच्चुप्पन्ना च ये बुद्धा अहं वन्दामि सब्बदा
नत्थि मे सरणं अञ्ञं बुद्धो मे सरणं वरं
एतेन सच्च वज्जेन होतु मे जयमङ्गलं
उत्तमङ्गेन वन्देहं पादपंसु वरूत्तमं
बुद्धे यो खलितो दोसो बुद्धो खमतु तंममं
बुद्धं जीवित परियन्तं सरणं गच्छामि !

भावार्थ– उनै भगवान् अर्हत सम्यक सम्बुद्धलाई नमस्कार !

उनै भगवान् अर्हत् हुन् सम्यक् सम्बुद्ध हुन् । विद्या र आचरले सम्पन्न भएका हुन्, निर्वाण मार्गमा जानु भएका हुन्, लोक ज्ञाता हुन्, दमनीय पुरुषहरूलाई अनुत्तर हुनु भएका

Downloaded from http://www.dhamma.digital

धर्म सारथी हुन् । मनुष्य मात्रै होइन देवी देवताहरूको शास्ता गुरु हुन्, वोध हुनु भएका बुद्ध हुन्, भगवान् हुन् । यस्ता सम्यक् सम्बुद्धलाई नमस्कार छ ।

पहिला भइसकेका बुद्धहरूलाई, पछि हुने बुद्धहरूलाई र अहिले भएका बुद्धहरूलाई पनि म सदा सर्वदा वन्दना गर्छु ।

बुद्ध वाहेक मेरो शरण अरू कुनै छैन, यही उत्तम शरण हो । यही सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस् ।

वहाँको पाउले टेकेको ठाउँको धुलोलाई पनि श्रेष्ठोत्तम सम्झी शिरले वन्दना गर्छु । यदि मैले बुद्धप्रति अपराध गरेको रहेछु भने बुद्धले मलाई क्षमा दिनु होला ।

आजीवन म बुद्धको शरणमा जान्छु ।

## धर्म वन्दना

**स्वाक्खातो भगवता धम्मो सन्दिट्ठिको, अकालिको एहिपस्सिको, ओपनयिको पच्चत्तं वेदितब्बो विञ्ञूही'ति ।**

**नमोतस्स निय्यानिकस्स धम्मस्स**

**ये च धम्मा अतीता च ये च धम्मा अनागता,**
**पच्चुप्पन्ना च ये धम्मा अहं वन्दामि सब्बदा,**

Downloaded from http://www.dhamma.digital

**नत्थि मे सरणं अञ्ञं धम्मो मे सरणं वरं,**
**एतेन सच्च वज्जेन, होतु मे जय मङ्गलं,**
**उत्तमङ्गेन वन्देहं धम्मञ्च दुविधंवरं**
**धम्मे यो खलितो दोसो, धम्मो खमतु तं ममं**
**धम्मं जीवित परियन्तं, सरणं गच्छामि !**

भावार्थ– भगवान्ले यो धर्मलाई पद–व्यञ्जन राम्रो संग मिलाई बताउनु भएको छ, यही लोकमा फलदायी हुने धर्म हो । यस बारे यहाँ आऊ हेर ! परिक्षा गर ! भनी भन्न सकिन्छ । माथि पुऱ्याइ दिने धर्म यही हो । जस्तो सुकै बुद्धिमानले पनि आफुले साक्षात्कार गरी अववोध गर्नु पर्ने धर्म हो । यो निर्वाणमा पुऱ्याउने धर्मलाई नमस्कार छ ।

पहिलो भएको धर्मलाई, पछि हुने धर्मलाई र अहिले भएको धर्मलाई पनि सदा सर्वदा वन्दना गर्छु ।

धर्म बाहेक मेरो अरू कुनै शरण छैन यो धर्म नै उत्तम शरण हो ।

यही सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस् ! दुइ प्रकारले उत्तम धर्मलाई म शिरले वन्दना गर्छु ।

यस धर्मप्रति मबाट केही अपराध भए त्यसमा धर्मले मलाई क्षमा देओस् ।

जीवन रहुञ्जेलसम्म म धर्मको शरणमा जान्छु ।

Downloaded from http://www.dhamma.digital

## संघ वन्दना

सुपटिपन्नो भगवतो सावक संघो, उजुपटिपन्नो भगवतो सावक संघो, ञायपटिपन्नो भगवतो सावक संघो, सामीचिपटिपन्नो भगवतो सावक संघो, यदिदं चत्तारि पुरिस युगानि अट्ठपुरिस पुग्गला, एस भगवतो सावक संघो, आहुनेय्यो, पाहुनेय्यो, दक्खिनेय्यो, अञ्जलि करणीयो, अनुत्तरं पुञ्ञक्खेत्तं लोकस्सा'ति ।

नमो तस्स अट्ठारिय पुग्गल महासङ्घस्स ।

ये च सङ्घा अतीता च, ये च सङ्घा अनागता
पच्चुप्पन्ना च ये सङ्घा, अहं वन्दामि सब्बदा
नत्थि मे सरणं अञ्ञं, सङ्घो मे सरणं वरं
एतेन सच्च वज्जेन, होतु मे जय-मङ्गलं
उत्तमङ्गेन वन्देहं, सङ्घञ्च तिविधुत्तमं
सङ्घे यो खलितो दोसो, संघो खमतु तं ममं
संघं जीवित परियन्तं सरणं गच्छामि

भावार्थ– भगवानको श्रावक संघ सुप्रतिपन्न छन् । सीधा वाटो जान्छन् । निर्वाण (न्याय) मार्गमा जान्छन् । आदर पूर्वक धर्माचरण गर्छन् । यीनै चारजना पुरुषहरू हुन् आठजना व्यक्ति हुन्, यिनीहरू जस्ता भगवानका श्रावक हुन्, आदरणीय हुन्, माननीय हुन्, दान दिन योग्य हुन्, नमस्कार गर्नु योग्य हुन्, लोकवासीहरूको निमित्त अपरिमित पुण्य क्षेत्र

Downloaded from http://www.dhamma.digital

हुन् । त्यस्तो अष्ट पुद्‌गल महासंघलाई र पहिले भईसकेको संघलाई पछि हुने संघलाई र अहिले भईरहेको संघलाई पनि म संघै वन्दना गर्छु । संघ बाहेक मेरो अरू कुनै सरण छैन । यहि उत्तम सरण हो । यस सत्य वचनको प्रभावले मेरो जय मङ्गल होस् । तीन प्रकारका उत्तम संघहरूलाई म शरीरले वन्दना गर्छु । यदि संघप्रति मेरो अपराध भएमा संघले क्षमा देओस् । आजीवन म संघको सरणमा जान्छु ।

## जल पूजा इत्यादि

**अधिवासेतु नो भन्ते ! पानीयं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ।।**

भावार्थ– भो भगवान, भो श्रेष्ठोत्तम, तपाईलाई (पिउने) जल चढायौं । हामी प्रति अनुकम्पा गरी स्वीकार गर्नुहोस् ।

## खाद्यपदार्थ पूजा

**अधिवासेतु नो भन्ते ! खज्जकं उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ।।**

भावार्थ– भो भगवान सास्ता, श्रेष्ठोत्तम, मिठाई र खाद्यपदार्थ चढायौं दया र अनुकम्पा राखी ग्रहण गर्नुहोस् ।

## फलफूल पूजा

**अधिवासेतु नो भन्ते ! फलानि उपनामितं ।**
**अनुकम्पं उपादाय, पटिगण्हातु मुत्तमं ।।**

Downloaded from http://www.dhamma.digital

भावार्थ– भो भगवान ! भो श्रेष्ठोत्तम ! तपाईंलाई फलफूलहरू चढायौं हामी प्रति दया राखी स्वीकार गर्नुहोस् ।

## पुष्प पूजा

**वण्ण गन्ध गुणोपेतं, एतं कुसुम सन्तर्ति ।**
**पूजयामि मुनिन्दस्स,–सिरिपाद सरोरुहे ।।**

**पूजेमि बुद्धं कुसुमेन नेन,**
**पुञ्ञेन मेतेन च होतु मोक्खं ।**
**पुप्फं मिलायाति यथा इदम्मे,**
**कायो तथा याति विनास भावं ।।**

भावार्थ– वर्ण र सुगन्धले युक्त भएको यो फूलले शाक्य मुनीन्द्र भगवान्को श्री चरण कमलमा पूजा गर्दछु ।

यो फूलले बुद्ध भगवान्लाई पनि पूजा गर्छु यो पुण्यले मलाई मोक्ष मिलोस् ! यो फूल सुकेर जाने जस्तै यो मेरो शरीर पनि विनाश भइ (सुकेर) जाने छ ।

## सुगन्ध धूप पूजा

**गन्धसम्भार युत्तेन, धूपेनाहं सुगन्धिना ।**
**पुजये पुजनेय्यानं, पूजा भाजन मुत्तमं ।।**

भावार्थ– पूजा गर्न योग्य हुनु भएको पूजनीय भगवान् बुद्धलाई यो सुगन्धले युक्त भएको धुपले पूजा गर्छु ।

Downloaded from http://www.dhamma.digital

## प्रदीप पूजा

**घनसारप्पदित्तेन, दीपेनं तमधंसिना ।**
**तिलोकदीपं सम्बुद्धं, पूजयामि तमोनुदं ।।**

भावार्थ– त्रिलोकमा प्रकाश हुनु भएका सम्यक् सम्बुद्धलाई अन्धकार विनाश गरिदिने चन्दन आदि र प्रदीपले पूजा गर्छु ।

## चैत्य वन्दना

**वन्दामि चेतियं सब्बं, सब्ब ठानेसु पतिट्ठितं ।**
**सारीरिक धातु महाबोधिं, बुद्ध रूपं सकलं सदा ।।**

भावार्थ– जहाँ पनि प्रतिष्ठित भएका स्तुप (चैत्य) हरूलाई र बुद्धका पवित्र धातुलाई पनि, महाबोधि वृक्षलाई पनि, बुद्ध रूपलाई पनि म सदा वन्दना गर्छु ।

## क्षमा याचना

**कायेन वाचा चित्तेन, पमादेन मया कतं ।**
**अच्चयं खम मे भन्ते ! भूरिपञ्ञो तथागत ।।**

भावार्थ– हे भगवान् ! यदि मेरो काय, वाक र चित्तले प्रमादवस् कुनै भूल गरेको छ भने गम्भिरातिगम्भिर प्रज्ञा भएका तपाई बुद्धले मलाई क्षमा गर्नुहोस् ।

Downloaded from http://www.dhamma.digital

# आशिका

इमाय बुद्ध पूजाय, कताय सुद्ध चेतसा ।
चिरं तिट्ठतु सद्धम्मो, लोको होतु सुखी सदा ।।

इमाय बुद्ध पूजाय, यं पुञ्ञं पसुतं मया ।
सब्बं तं अनुमोदित्वा, सब्बेपि तुट्ठ मानसा ।।

पूरेत्वा दानसीलादि, सब्बापि दसपारमी ।
पत्वा यथिच्छितं बोधिं, फुसन्तु अमतं पदं ।।

अर्थः–

१) शुद्ध मनले गरेको यो बुद्धपूजाद्वारा प्राप्त भएको जति पुण्य हो त्यो पुण्यको प्रभावले सो भगवानको सद्धर्म चिर स्थायी होस् । सकल लोक पनि सुखी होस् ।

२) यो बुद्धपूजाद्वारा मलाई जति पुण्य (धर्म) प्राप्त भएको थियो, यो सबै पुण्यदेखि सन्तुष्ट भई सबैले अनुमोदन गर्नु होला ।

३) दान सीलादि दसपारमि सबै पूर्ण गरी आफ्नो इच्छानुसार उत्तम बोधिज्ञान प्राप्त गरी निर्वाण सुख अनुभव गरुन् ।

Downloaded from http://www.dhamma.digital

# धर्माचरण पूजा

**इमाय धम्मानुधम्म पटिपत्तिया बुद्धं पूजेमि ।**
**इमाय धम्मानुधम्म पटिपत्तिया धम्मं पूजेमि ।।**
**इमाय धम्मानुधम्म पटिपत्तिया संघं पूजेमि ।**
**अद्धा इमाय पटिपत्तिया, जाति जरा व्याधि मरणम्हा, परिमुच्चिस्सामि ।।**

भावार्थ– यो धर्म अनुसार गरेको धर्माचरण आधारमा बुद्धलाई पूजा गर्छु ।

यो धर्मानुकूलले गरेको धर्माचरणको आधारमा धर्मलाई पूजा गर्छु ।

Dhamma.Digital

यो धर्मानुकूलले गरेको धर्माचरणको आधारमा संघलाई पूजा गर्छु ।

यो धर्माचरणानुकूल गतिविधिद्वारा म अवश्य नै जन्म जरा व्याधि मरणबाट मुक्त होऊँ ।

# प्रार्थना

**इमिना पुञ्ञ कम्मेन, मामे बाल समागमो ।**
**सतं समागमो होतु, यावनिब्बान पत्तिया ।।**

Downloaded from http://www.dhamma.digital

**इदम्मे पुञ्ञँ आसवक्खया वहं होतु ।**
**इदम्मे पुञ्ञं निब्बानस्स पच्चयो होतु ।**
**इदम्मे पुञ्ञं सब्बे सत्ता सुखिता भवन्तु ।**

भावार्थ– यो गरेको पुण्यको प्रभावले वाल मूर्खजनहरू संग सतसंगत गर्न नपरोस् । निर्वाणमा नपुगुञ्जेलसम्म सत्पुरुषहरूको सत्संगत गर्न यो मैले गरेको पुण्यले आस्रवक्षय होस् ।

यो मैले गरेको पुण्यले निर्वाण प्राप्त होस् । यो मैले गरेको पुण्यले सकल सत्व प्राणीहरू सुखी होउन् ।

## ज्ञाति बन्धुहरूलाई पुण्य छोडिदिने

**इदं वो ञातिनंहोतु, सुखिता होन्तु ञातयो ।**

तीन पटक भन्नु

भावार्थ– यो मैले गरेको पुण्य तिम्रा ज्ञातिहरूले अनुमोदन गरुन् । यो पुण्यको प्रभावद्वारा तिनीहरूलाई सुख र शान्ति होस् ।

**इदं मे ञातिनं होतु सुखिता होन्तु ञातयो**

Downloaded from http://www.dhamma.digital

अर्थ– यो मैले गरेको पुण्य मेरा ज्ञातिहरूले अनुमोदन गरुन् ।

(आफ्नै ज्ञातिलाई पुण्य प्रदान गर्नु हो भने यसरी भन्ने । सामूहिक रूपमा भन्नु हो भने माथि जस्तै इदं वो. .)

## देवताहरूलाई पुण्य छोडिदिने

**एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**
**सब्बे देवा अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।।**

भावार्थ– अहिलेसम्म हामीले प्राप्त गरेका पुण्य सम्पत्तिलाई सकल देवताहरूले अनुमोदन गरुन् जसबाट सम्पत्ति शिद्ध हुने छ ।

## सकल सत्वहरूलाई पुण्य छोड़िदिंने

**एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**
**सब्बे सत्ता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।।**

भावार्थ– अहिलेसम्म हामीले प्राप्त गरेका पुण्य सम्पत्तिलाई सकल सत्वहरूले अनुमोदन गरुन् जसबाट सबै सम्पत्ति सिद्ध हुने छ ।

Downloaded from http://www.dhamma.digital

(३८)

# भूत प्रेतहरूलाई पुण्य छोडिदिने

**एत्तावता च अम्हेहि, सम्भतं पुञ्ञ सम्पदं ।**

**सब्बे भूता अनुमोदन्तु, सब्ब सम्पत्ति सिद्धिया ।।**

भावार्थ– अहिलेसम्म हामीले प्राप्त गरेका पुण्य सम्पत्तिलाई सकल भूतप्रेतहरूले अनुमोदन गरुन् जसबाट सबै सम्पत्ति सिद्ध हुने छ ।

Downloaded from http://www.dhamma.digital